धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

# प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।
९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ४ ◆ २०८३ साउन ४ गते सोमबार, Monday, July 20, 2026 ◆ ने सं ११४६ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४ ◆ मूल्य रु. ५/–

## गोरु पाल्ने किसानलाई प्रोत्साहन

❑ *प्रत्यूष समाचारदाता*

पोखरा । पोखरा महानगरपालिकाले गोरु पाल्ने किसानलाई प्रोत्साहन अनुदानसहित उन्नत जातको बीउबिजन प्रदान गरेको छ ।

आर्थिक वर्ष २०८१/८२ मा १९ वटा वडाका ५५० गोरुलाई रु १० हजार का दरले रु ५५ लाख प्रोत्साहन रकम प्रदान गरिएकामा गत आवमा तिनै किसानलाई लक्षित गरी उन्नत जातको बीउबिजन वितरण गरिएको हो । किसानलाई हौसलासहित परम्परागत कृषि प्रणालीको जगेर्नाका लागि गोरु पाल्नेलाई प्रोत्साहन अनुदान उपलब्ध गराइएको महानगरपालिकाका कृषि महाशाखा प्रमुख मनोहर कडरियाले बताउनुभयो । गोरु पाल्ने किसानलाई अनुदान दिन थालेपछि जग्गा बाँझो छोड्ने प्रवृत्तिमा पनि केही कमी आएको छ । महानगरले सबैभन्दा बढी वडा नं २१ का ८४, वडा नं १६ का ८४, वडा नं २४ का ६२, वडा नं २३ का ५१, वडा नं २० का ४८, वडा नं २२ का २८, वडा नं १८ का ३१, वडा नं २८ का ३२, वडा नं ३१ का ३८, वडा नं ३३ का २९, वडा नं. १३ का १२, वडा नं १९ का आठ, वडा नं २७ का छ, वडा नं २६ का पाँच, वडा नं २५ का तीन, वडा नं ३२ का ११ र वडा नं ६ मा दुई/दुई र वडा नं १५ एक गोरू पाल्ने किसानलाई प्रोत्साहन अनुदान उपलब्ध गराएको हो ।

## चितवन राष्ट्रिय निकुञ्जमा पर्यटक आगमन बढ्यो

❑ *प्रत्यूष समाचारदाता*

चितवन । अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती सामुदायिक वनमा पर्यटक आगमन बढेको पाइएको छ ।

गत आर्थिक वर्षमा दुई लाख ७२ हजार ९२३ पर्यटक उक्त क्षेत्रमा आएकामा अघिल्लो आवमा दुई लाख ३१ हजार ३२९ पर्यटकले भ्रमण गरेका निकुञ्जका सूचना अधिकारी अविनास थापामगरले बताउनुभयो । सार्क मुलुकका २२ हजार ८८३ तथा अन्य मुलुकका ८८ हजार ६६५ पर्यटकले निकुञ्जको भ्रमण गरेका हुन् । एकसिङ्गे गैंडा, पाटेबाघ, भालु, हात्ती तथा विभिन्न प्रजातिका चराचुरुङ्गी अवलोकनका लागि पर्यटक निकुञ्ज पुग्ने गरेका छन् ।

गत आर्थिक वर्षमा निकुञ्जले पर्यापर्यटनबाट रु २७ करोड ६३ लाख ३९ हजार ९५० राजस्व सङ्कलन गरेको जनाएको छ । काठदाउरा, गैरकाष्ठ वन पैदावार बिक्री, जरिवानालगायत शीर्षकमा रु ३१ करोड एक लाख ६४ हजार ५५१ राजस्व सङ्कलन भएको छ ।

## सचेत उपभोक्ता बनौं

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौं:**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी ।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

नेपाल सरकार,
**विज्ञापन वोर्ड**

## धादिङबेशी स्थित पहरेचौताराबाट जुवा खेलिरहेको आरोपमा ६ जना पक्राउ

❑ *प्रत्यूष समाचारदाता*



धादिङबेशी । धादिङको नीलकण्ठ नगरपालिका-३ स्थित पहरेचौताराबाट जुवा खेलिरहेको आरोपमा घरधनीसहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ । उनीहरूको साथबाट एक लाख ६९ हजार ३५० रुपैयाँ नगदसहित जुवा खेल्न प्रयोग गरिएका सामग्री बरामद गरिएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

प्रहरीका अनुसार साउन २ गते दिउँसो पहरेचौतारास्थित डिलबहादुर तामाङको घरकोठामा अवैध रूपमा जुवा-तास खेलाइरहेको गोप्य सूचना प्राप्त भएको थियो । सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालयबाट खटिएको टोलीले घरमा खानतलासी गर्दा जुवा खेलिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

पक्राउ पर्नेमा गंगाजमुना गाउँपालिका-२ घर भई हाल नीलकण्ठ नगरपालिका-३ बस्ने ६१ वर्षीय घरधनी डिलबहादुर तामाङसहित सोही स्थानमा बस्दै आएका अन्य पाँच जना रहेका छन् । पक्राउ परेकाहरूको उमेर ३९ देखि ५३ वर्षसम्म रहेको प्रहरीले जनाएको छ ।

प्रहरीले घटनास्थलबाट नगद एक लाख ६९ हजार ३५० रुपैयाँ, तीन गड्डी तास, सातवटा मोबाइल फोन र जुवा खेल्न प्रयोग गरिएको एउटा डसना बरामद गरेको छ । पक्राउ परेका व्यक्तिहरूविरुद्ध जुवा सम्बन्धी कसुरमा मुद्दा दर्ता गरिएको छ । उनीहरूलाई साउन ३ गते जिल्ला प्रशासन कार्यालय धादिङमा उपस्थित गराई अनुसन्धानका लागि १० दिनको म्याद थप अनुमति लिइएको जिल्ला प्रहरी कार्यालय धादिङले जनाएको छ ।

घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ ।

## प्रदेशवासीको समस्या बुझ्न हेलो सिएम कक्ष

❑ *प्रत्यूष समाचारदाता*

मकवानपुर । बागमती प्रदेश सरकारले प्रदेशवासीको समस्या बुझ्ना तथा समाधान खोज्ने उद्देश्यले 'हेलो सिएम' कक्ष स्थापना गर्ने भएको छ ।

प्रदेशवासी नागरिकले भोग्नुपरेको समस्या, गुनासो र उजुरीलाई सात दिनभित्र फछ्र्यौट गर्ने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अत्याधुनिक प्रविधिसहितको हेलो सिएम कक्ष स्थापना र सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री प्रभात तामाङले बताउनुभयो । प्रदेश सरकारद्वारा सञ्चालित सम्पूर्ण आयोजनाको भौतिक तथा वित्तीय प्रगतिको निरन्तर ट्र्याकिङ र ट्रेसिङ गर्नका लागि अनलाइन प्रोजेक्ट मनिटरिङ सिस्टम विकास तथा कार्यान्वयनको लागि बजेट व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

प्रदेश अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठान केन्द्रको स्थापना गरी प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीलाई प्रदान गरिने सबै प्रकारका तालिमलाई एकद्धार प्रणालीमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाउने सरकारले तयारी गरेको छ ।

प्रदेशमा पहिचान भएका तर तर्जुमा हुन बाँकी कानुनलाई प्राथमिकताका साथ तर्जुमा गरी आर्थिक वर्ष २०८३/८४ लाई कानुन तर्जुमा वर्षका रूपमा मनाइने बताउँदै उहाँले प्रदेश सरकारले बनाएका नीति तथा कानुनहरूको कार्यान्वयन अवस्थाको अध्ययन एवं विश्लेषण गर्न आवश्यक रकम विनियोजन गरिएको उल्लेख गर्नुभयो ।

सङ्घ, प्रदेश र स्थानीय तहबीचको समन्वय बढाउन प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमलाई सरकारले निरन्तरता दिइएको छ । मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहहरूलाई लक्षित गरी पालिका मानव विकास तथा आर्थिक रूपान्तरण विशेष कार्यक्रम सञ्चालन गर्न रु चार करोड ४९ लाख बजेट विनियोजन गरिएको मन्त्री तामाङले जानकारी दिनुभयो ।

## पर्यटन प्रवर्द्धन गर्न नेपालगन्ज कोरा

❑ *प्रत्यूष समाचारदाता*

नेपालगन्ज । धार्मिक पर्यटकीयस्थलको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्न आईतबार यहाँ 'नेपालगन्ज कोरा' गरिएको छ ।

नेपालगन्ज साइक्लिङ क्लबले आयोजना गरेको नेपालगन्ज कोरामा १०० बढी साइकलयात्री सहभागी भएको क्लबका सहसचिव विष्णु कँडेलले जानकारी दिनुभयो । उहाँका अनुसार यस वर्षको कोरा २५ किलोमिटर, ५० किलोमिटर र १०० किलोमिटर दूरीको यात्रा रहेको थियो । पच्चीस किलोमिटर समूहलाई अजय केसी र प्रकाश विष्टले, ५० किलोमिटर समूहको रुट गाइडको जिम्मेवारी आर्यन बाहुन र अशोक दीक्षितले र १०० किलोमिटर समूहलाई दिनेश थापा र बाबुराम विश्वकर्माले नेतृत्व गरेको क्लबका कोषाध्यक्ष राजेशकुमार गुप्ताले जानकारी दिनुभयो ।

नेपालगन्ज गणेशपुरस्थित बौद्ध गुम्बाबाट सुरु भएको साइकलयात्रा (कोरा) एकलैनीको जामे मस्जिद, चारबाहिनी चोक, गणेशमान चोक हुँदै भेरी प्राविधिक चोक पुगेर पश्चिमतर्फ रहेको ज्योति चर्चलाई दाहिने पार्दै गुरुद्वारातर्फ हुँदै त्यहाँबाट धम्बोजी, फूलटेक्रा, उरैयानी र घियागाउँ हुँदै साइकलिस्टहरू बेतनी पुगेका थिए ।

सहसचिव कँडेलले १०० किलोमिटर दूरीमा सहभागी भएकाहरु सिधनिया घाट, फत्तेपुर, बिनौना, बैजापुर, घुर, भवानियापुर मन्दिर हुँदै शम्शेरगन्ज, जिरो, कचनापुर गाउँ, समशेरगन्ज बजार, ढकेरी र कोहलपुर हुँदै पुनः नेपालगन्ज फर्किएका थिए ।



सम्पादकीय ....

## विपद् पूर्वतयारीमा जुटौँ

देशका अधिकांश स्थानमा वर्षा भइरहेको छ । निरन्तर वर्षासँगै विभिन्न ठाउँमा पहिरो, बाढी, डुबान तथा सडक अवरुद्ध भएका घटना सार्वजनिक हुन थालेका छन् । मौसमविद्हरूले सम्भावित जोखिमबारे नियमित पूर्वानुमान र चेतावनी जारी गरिरहेका छन् । यस्तो अवस्थामा विपद् आएपछि मात्र उद्धार र राहतमा सक्रिय हुने परम्परागत अभ्यास त्यागेर पूर्वतयारी, सतर्कता र समन्वयलाई प्राथमिकता दिनु आवश्यक छ ।

नेपालको भौगोलिक बनावट बाढी, पहिरो, भूक्षय, चट्याङ र डुबानका दृष्टिले संवेदनशील छ । त्यसमाथि जथाभावी सडक खन्ने, कमजोर ढल निकास, नदी तथा खोलाको अतिक्रमण, वन विनाश र जोखिमयुक्त क्षेत्रमा बस्ती विस्तार गर्ने प्रवृत्तिले प्राकृतिक जोखिमलाई थप गम्भीर बनाएको छ । सामान्य वर्षासमेत ठूलो क्षतिमा परिणत हुनुको कारण केवल प्रकृति होइन, कमजोर योजना, अनुगमनको अभाव र जिम्मेवारीहीन विकास अभ्यास पनि हो ।

वर्षाका कारण सडक अवरुद्ध हुँदा यात्रु बीच बाटोमै रोकिने, बिरामीलाई अस्पताल पुर्‍याउन कठिन हुने, खाद्यान्न तथा औषधिको आपूर्ति प्रभावित हुने र स्थानीय अर्थतन्त्रमा असर पर्ने गर्छ । पुल, कल्भर्ट, खानेपानी, विद्युत्, विद्यालय तथा स्वास्थ्य संस्थामा क्षति पुगेपछि त्यसको प्रभाव लामो समयसम्म समुदायले भोग्नुपर्छ । त्यसैले जोखिमयुक्त सडक, नदी तटीय क्षेत्र, पहिरो सम्भावित बस्ती र कमजोर संरचनाको तत्काल निरीक्षण आवश्यक छ ।

संघ, प्रदेश र स्थानीय तहले पूर्वानुमानलाई व्यवहारमा रूपान्तरण गर्नुपर्छ । स्थानीय तहले जोखिम नक्सा अद्यावधिक गर्ने, सुरक्षित आश्रयस्थल पहिचान गर्ने, उद्धार सामग्री तयारी अवस्थामा राख्ने र वडास्तरमा तालिमप्राप्त स्वयंसेवक परिचालन गर्नुपर्छ । वृद्धवृद्धा, बालबालिका, गर्भवती, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको सुरक्षित स्थानान्तरणका लागि विशेष योजना बनाउनुपर्छ । राहत सामग्रीको भण्डारण, आपत्कालीन सम्पर्क नम्बर, एम्बुलेन्स, डोजर र उद्धार टोलीको उपलब्धताबारे सर्वसाधारणलाई पहिले नै स्पष्ट जानकारी गराइनुपर्छ ।

सडक विभाग र निर्माण निकायले अवरुद्ध सडक खुलाउन उपकरण तथा प्राविधिक टोली तयारी अवस्थामा राख्नुपर्छ । जोखिमपूर्ण मार्गमा आवागमन नियन्त्रण, वैकल्पिक बाटोको सूचना र ढल तथा पानी निकासको तत्काल व्यवस्थापन गर्नुपर्छ । सञ्चारमाध्यमले आधिकारिक र पुष्टि भएका सूचना मात्र प्रसारण गर्नुपर्छ भने नागरिकले पनि हल्ला, पुराना तस्बिर र अपुष्ट सूचनाबाट सचेत रहनुपर्छ । उर्लिएका खोला तर्ने, पहिरो चलिरहेको क्षेत्रमा प्रवेश गर्ने र जोखिम मोलेर यात्रा गर्ने प्रवृत्ति तत्काल रोक्नुपर्छ ।

विपद् रोक्न नसकिए पनि पूर्वतयारीबाट क्षति उल्लेख्य रूपमा घटाउन सकिन्छ । तीनै तहका सरकार, सुरक्षा निकाय, समुदाय, सञ्चारमाध्यम र नागरिकबीच प्रभावकारी समन्वय अहिलेको आवश्यकता हो । कागजी बैठकमा सीमित नभई जोखिम पहिचान, समयमै सूचना, सुरक्षित स्थानान्तरण र आपत्कालीन प्रतिकार्यमा तत्काल जुट्नु नै जीवन, सम्पत्ति र विकासका उपलब्धि जोगाउने भरपर्दो उपाय हो ।


### पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका "**प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं । तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ । तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं ।



प्रत्यूष National Daily राष्ट्रिय दैनिक

**नीलकण्ठ –३, धादिङबेसी,**
**फोन ०१०–५२१४३०,९८५११२०८५०**
Email : pratyushdainik@gmail.com


# आरोग्य जीवन राष्ट्रिय अभियानको सान्दर्भिकता

*डिल्लीराज पौडेल*

रोग लागेपछि उपचार गर्नु मात्र पर्याप्त हो वा रोगको जोखिम न्यूनीकरण गर्ने स्वस्थ जीवनशैली निर्माण गर्नु अझ ठूलो राष्ट्रिय जिम्मेवारी हो ? आजको सार्वजनिक स्वास्थ्य बहसको केन्द्रमा यही प्रश्न रहेको छ । स्वास्थ्य प्रणालीको सफलतालाई अब केवल अस्पताल, औषधि, उपचार सेवा वा स्वास्थ्य पूर्वाधारको विस्तारबाट मात्र मापन गर्न सकिँदैन । नागरिकले कति स्वस्थ, सचेत, जिम्मेवार तथा उत्पादनशील जीवन बिताइरहेका छन् भन्ने पक्ष पनि उत्तिकै महत्वपूर्ण भएको छ । त्यसैले विश्वव्यापी रूपमा स्वास्थ्यको केन्द्रविन्दु उपचारमुखी सोचबाट क्रमशः रोकथाम, स्वास्थ्य प्रवर्द्धन तथा समग्र आरोग्यतर्फ रूपान्तरण हुँदै गएको छ ।

यस परिवर्तित सन्दर्भमा नेपालका लागि पनि आरोग्यलाई राष्ट्रिय विकासको आधारका रूपमा पुनःस्थापित गर्ने महत्वपूर्ण अवसर सृजना भएको छ । स्वस्थ नागरिक नै समृद्ध राष्ट्रको आधार हुन् भन्ने तथ्य विश्वव्यापी रूपमा स्वीकार गरिएको छ । त्यसैले स्वास्थ्यलाई केवल रोगको उपचारसँग सीमित नराखी नागरिकको जीवनशैली, मानसिक सन्तुलन, पोषण, सामाजिक व्यवहार, वातावरण तथा जीवनपद्धतिसँग जोडेर हेर्ने दृष्टिकोण सुदृढ हुँदै गएको छ । यही सोचलाई व्यवहारमा रूपान्तरण गर्ने उद्देश्यका साथ आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई राष्ट्रिय जनचेतना, स्वस्थ जीवनशैली तथा रोकथाममुखी सार्वजनिक स्वास्थ्यको साझा अभियानका रूपमा अघि बढाउनुपर्ने आवश्यकता देखिएको छ । यसले नेपालका लागि अर्को महत्वपूर्ण अवसर पनि सृजना भएको छ ।

संयुक्त राष्ट्रसङ्घको महासभाले अप्रिल १५ लाई अन्तरराष्ट्रिय आरोग्य दिवसका रूपमा घोषणा गरेको छ । यस घोषणाले आरोग्यलाई व्यक्तिगत जीवनशैलीको विषय मात्र नभई रोकथाममुखी सार्वजनिक स्वास्थ्य, मानसिक सुदृढता, सामाजिक कल्याण तथा दिगो विकाससँग जोडिएको विश्वव्यापी प्राथमिकताका रूपमा स्थापित गरेको छ । नेपालका लागि यो अन्तरराष्ट्रिय मान्यता केवल कूटनीतिक उपलब्धि मात्र होइन, आरोग्यमुखी जीवनशैली, सार्वजनिक स्वास्थ्य प्रवर्द्धन, आरोग्य कूटनीति, वेलनेस पर्यटन, आध्यात्मिक पर्यटन तथा मानव केन्द्रित विकासलाई राष्ट्रिय नीतिसँग एकीकृत गर्ने ऐतिहासिक अवसर पनि हो ।

आधुनिक चिकित्सा विज्ञान मानव सभ्यताको सबैभन्दा महत्वपूर्ण उपलब्धिमध्ये एक हो । रोग पहिचान, निदान, शल्यक्रिया, औषधि, खोप, सघन उपचार तथा स्वास्थ्य प्रविधिमा भएको उल्लेखनीय प्रगतिले करोडौं मानिसको जीवन बचाएको छ, औसत आयु बढाएको छ तथा जटिल रोगहरूको प्रभावकारी उपचार सम्भव बनाएको छ ।

त्यसैले आधुनिक चिकित्सा विज्ञानको योगदान निर्विवाद छ तर उपचार क्षमतामा निरन्तर सुधार भइरहेका बेला पनि गैरसङ्क्रामक रोग, मानसिक स्वास्थ्य समस्या तथा अस्वस्थ जीवनशैलीसँग सम्बन्धित चुनौतीहरू तीव्र रूपमा बढिरहेका छन् । यसले स्पष्ट रूपमा देखाउँछ कि दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्न उपचारसँगै रोकथाम र स्वास्थ्य प्रवर्द्धनलाई समान प्राथमिकता दिनुपर्दछ ।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२१ मा विश्वभर गैरसङ्क्रामक रोगका कारण करिब चार करोड ३० लाख मानिसको मृत्यु भएको थियो, जुन कूल मृत्युको करिब ७५ प्रतिशत हो । नेपालमा पनि कूल मृत्युको करिब ७१ प्रतिशत यिनै रोगका कारण हुने गरेको छ । असन्तुलित आहार, शारीरिक निष्क्रियता, सुर्ती तथा मदिराको हानिकारक प्रयोग, वायु प्रदूषण, दीर्घकालीन तनाव तथा अस्वस्थ जीवनशैली यस्ता रोगका प्रमुख जोखिम कारक हुन् । यी तथ्याङ्कहरूले सार्वजनिक स्वास्थ्य प्रणालीलाई उपचारमुखी मात्र नभई रोकथाममुखी बनाउनुपर्ने आवश्यकता स्पष्ट रूपमा औँल्याउँछन् ।

मानसिक स्वास्थ्यको अवस्था झन गम्भीर बन्दै गएको छ । नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०२४/२५ मा छ हजार ८६६ जनाले आत्महत्या गरेका थिए, अर्थात् औसतमा प्रत्येक दिन १८ देखि २० जनाले आफ्नो जीवन गुमाएका थिए । उदासी, चिन्ता, सामाजिक एक्लोपन, डिजिटल निर्भरता, बेरोजगारी, आर्थिक दबाब तथा पारिवारिक विखण्डनले मानसिक स्वास्थ्यका चुनौतीलाई थप जटिल बनाइरहेका छन् ।

विशेषगरी बालबालिका र युवामा बढ्दो स्क्रिन समय तथा डिजिटल निर्भरताले शारीरिक गतिविधि, सामाजिक सम्बन्ध र मानसिक सन्तुलनमा प्रतिकूल प्रभाव पारिरहेको छ । त्यसैले मानसिक स्वास्थ्यसँगै डिजिटल सन्तुलनलाई पनि आरोग्यमुखी जीवनशैलीको अभिन्न अङ्गका रूपमा समेटिनुपर्दछ ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अवस्था पनि उत्तिकै संवेदनशील छ । श्रमशोषण, मानसिक तनाव, स्वास्थ्य सेवामा सीमित पहुँच, कार्यस्थल दुर्घटना, पारिवारिक दूरी तथा स्वदेश फर्किएपछि पुनःस्थापनाका चुनौतीहरूले उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक आरोग्यमा प्रतिकूल प्रभाव पारिरहेका छन् । त्यसैले आरोग्यको अवधारणाले देशभित्रका नागरिक मात्र होइन, विदेशमा रहेका नेपाली श्रमिक तथा उनीहरूको परिवारको समग्र कल्याणलाई पनि समान प्राथमिकतामा समेट्नुपर्दछ ।

यी सबै यथार्थहरूले स्वास्थ्यलाई केवल उपचार प्रणालीका रूपमा हेर्ने परम्परागत दृष्टिकोण परिवर्तन गर्नुपर्ने आवश्यकता औँल्याएका छन् । स्वास्थ्य व्यक्ति, परिवार, शिक्षा, पोषण, मानसिक सन्तुलन, सामाजिक सम्बन्ध, कार्यस्थल, वातावरण तथा जीवनशैलीसँग अभिन्न रूपमा जोडिएको समग्र विकासको आधार हो । त्यसैले स्वस्थ समाज निर्माणका लागि केवल स्वास्थ्य मन्त्रालयको प्रयास पर्याप्त हुँदैन । शिक्षा, कृषि, श्रम, युवा तथा खेलकुद, सञ्चार, स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, धार्मिक तथा सामुदायिक संस्था तथा प्रत्येक नागरिकको सक्रिय सहभागिता आवश्यक पर्दछ । सबै पक्षको संयुक्त प्रयासबाट मात्र आरोग्यमुखी समाज निर्माण सम्भव हुन्छ । यही कारण सार्वजनिक स्वास्थ्यलाई आज बहुक्षेत्रीय, बहुपक्षीय तथा साझा राष्ट्रिय दायित्वका रूपमा परिभाषित गरिएको छ ।

नेपालका सन्दर्भमा जलवायु परिवर्तन पनि सार्वजनिक स्वास्थ्यको उदीयमान चुनौती बनेको छ । बढ्दो तापक्रम, वायु प्रदूषण, बाढी, पहिरो तथा अन्य जलवायुजन्य विपद्ले शारीरिक र मानसिक स्वास्थ्यमा प्रत्यक्ष असर पुर्‍याइरहेका छन् । त्यसैले आरोग्यमुखी जीवनशैली, स्वस्थ वातावरण तथा जलवायु अनुकूल विकासलाई परस्पर पूरक नीतिका रूपमा अघि बढाउन आवश्यक छ । विश्वव्यापी रूपमा पनि आरोग्यमुखी सोच तीव्र रूपमा विस्तार भइरहेको छ । ग्लोबल वेलनेस इन्स्टिच्युटका अनुसार सन् २०२३ मा विश्वको वेलनेस अर्थतन्त्र करिब ६.३ ट्रिलियन अमेरिकी डलर पुगेको थियो र आगामी केही वर्षमा करिब नौ ट्रिलियन अमेरिकी डलरसम्म पुग्ने अनुमान गरिएको छ । यसले विश्व समुदाय उपचारभन्दा अघि स्वस्थ जीवनशैली, पोषण, योग, ध्यान, मानसिक सन्तुलन तथा तनाव व्यवस्थापनतर्फ उन्मुख भइरहेको स्पष्ट देखाउँछ । नेपालले पनि यस परिवर्तनलाई सार्वजनिक स्वास्थ्य नीति, मानव पुँजी विकास तथा दिगो आर्थिक रूपान्तरणसँग जोड्न सक्नुपर्दछ ।

नेपाल प्राकृतिक, सांस्कृतिक तथा आध्यात्मिक दृष्टिले आरोग्यमुखी विकासका लागि विशिष्ट सम्भावना बोकेको राष्ट्र हो । हिमालय, जैविक विविधता, स्थानीय खाद्य प्रणाली, औषधीय जडीबुटी, योग, ध्यान, आयुर्वेद, बौद्ध तथा वैदिक दर्शन, लुम्बिनी, पशुपतिनाथ, जनकपुर, मुक्तिनाथ तथा अन्य आध्यात्मिक केन्द्रहरूले नेपाललाई विश्वस्तरीय आरोग्य तथा आध्यात्मिक पर्यटनको गन्तव्यका रूपमा विकास गर्ने बलियो आधार प्रदान गर्दछन् । साथै, नेपाली समाजका परम्परागत खानपान, पैदल हिँड्ने संस्कृति, सामुदायिक सहकार्य तथा प्रकृतिसँगको निकट सम्बन्ध आफैँमा आरोग्यमुखी जीवनशैलीका महत्वपूर्ण आधार हुन् । यिनलाई वैज्ञानिक अनुसन्धान, गुणस्तरीय सेवा तथा अन्तरराष्ट्रिय मापदण्डसँग जोड्न सकियो भने सार्वजनिक स्वास्थ्य प्रवर्द्धनसँगै रोजगारी, स्थानीय अर्थतन्त्र तथा हरित विकासमा महत्वपूर्ण योगदान पुग्न सक्दछ ।

आरोग्य भनेको रोगको अनुपस्थिति मात्र होइन । यो शरीर, मन, भावना, परिवार, सामाजिक सम्बन्ध, कार्यसंस्कृति, वातावरण तथा जीवनशैलीबीचको सन्तुलित अवस्था हो । त्यसैले आरोग्य आधुनिक चिकित्साको विकल्प होइन; बरु आधुनिक चिकित्सा, सार्वजनिक स्वास्थ्य, मानसिक स्वास्थ्य तथा स्वस्थ जीवनशैलीलाई एकीकृत गर्ने समग्र दृष्टिकोण हो । उपचारले रोग व्यवस्थापन गर्दछ र जीवन बचाउँछ भने आरोग्यमुखी जीवनशैलीले रोगको जोखिम घटाउँछ, जीवनको गुणस्तर अभिवृद्धि गर्दछ तथा दीर्घकालीन स्वास्थ्य सुनिश्चित गर्दछ । भविष्यको प्रभावकारी स्वास्थ्य प्रणाली उपचार र रोकथाम दुवैलाई समान महत्व दिने सन्तुलित अवधारणामा आधारित हुनुपर्दछ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वास्थ्यसम्बन्धी मौलिक हक सुनिश्चित गरेको छ । यस संवैधानिक प्रतिबद्धतालाई व्यवहारमा रूपान्तरण गर्न उपचार सेवाको विस्तारसँगै स्वास्थ्य प्रवर्द्धन र रोगको रोकथामलाई पनि समान प्राथमिकतामा राख्न आवश्यक छ । यही दृष्टिकोणलाई विश्व स्वास्थ्य सङ्गठनले स्वास्थ्य प्रवर्द्धन तथा सबै नीतिमा स्वास्थ्यको अवधारणामार्फत जोड दिएको छ । यसको सार के हो भने  स्वास्थ्य मन्त्रालयले मात्र होइन, शिक्षा, कृषि, वातावरण, खाद्य प्रणाली, सहरी विकास, यातायात, श्रम, सञ्चार, खेलकुद, पर्यटन तथा स्थानीय सरकारले पनि आफ्ना नीति र कार्यक्रममार्फत नागरिकको आरोग्य प्रवर्द्धन गर्ने साझा दायित्व वहन गर्नुपर्दछ भन्ने हो । नेपालमा यही बहुक्षेत्रीय दृष्टिकोणलाई व्यवहारमा उतार्न सकियो भने स्वस्थ, सक्षम, प्रतिस्पर्धी तथा समृद्ध समाज निर्माणको बलियो आधार तयार हुनेछ ।

विश्व स्वास्थ्य सङ्गठनले स्वस्थ बुढ्यौलीलाई सार्वजनिक स्वास्थ्यको प्रमुख प्राथमिकतामध्ये एकका रूपमा जोड दिएको छ । नेपाल पनि क्रमशः वृद्धजनको सङ्ख्या बढ्दै गएको समाजतर्फ उन्मुख भइरहेका कारण स्वस्थ बुढ्यौलीलाई राष्ट्रिय स्वास्थ्य नीतिको अभिन्न अङ्ग बनाउनु आवश्यक छ । नियमित शारीरिक गतिविधि, सन्तुलित पोषण, मानसिक सक्रियता र सामाजिक सहभागिताले वृद्धावस्थामा पनि स्वस्थ, सक्रिय र सम्मानजनक जीवन सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुर्‍याउँछन् ।

परिवार; आरोग्यमुखी समाजको पहिलो विद्यालय हो । स्वस्थ आहार, नियमित व्यायाम, पर्याप्त निद्रा, डिजिटल उपकरणको सन्तुलित प्रयोग, पारिवारिक संवाद, भावनात्मक सहयोग तथा अनुशासित जीवनशैलीको संस्कार परिवारबाटै विकास हुन्छ । सञ्चारमाध्यम, शैक्षिक संस्था, धार्मिक तथा सांस्कृतिक सङ्गठन, नागरिक समाज र निजी क्षेत्रले पनि वैज्ञानिक प्रमाणमा आधारित स्वास्थ्य साक्षरता अभिवृद्धि गर्दै स्वस्थ जीवनशैलीलाई सामाजिक आन्दोलनका रूपमा स्थापित गर्न सक्दछन् । विशेषगरी सामाजिक सञ्जालको बढ्दो प्रभावका बीच गलत सूचना तथा छद्मवैज्ञानिक स्वास्थ्य दाबीबाट नागरिकलाई जोगाउनु आजको महत्वपूर्ण दायित्व हो ।

आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ लाई संयुक्त राष्ट्रसङ्घका दिगो विकास लक्ष्य, नेपालको सार्वभौमिक स्वास्थ्य पहुँच, मानव पुँजी विकास, सामाजिक समावेशिता, जलवायु अनुकूल विकास तथा दिगो आर्थिक समृद्धिसँग एकीकृत गरी कार्यान्वयन गर्नुपर्दछ । स्वस्थ जनशक्ति कुनै पनि राष्ट्रको सबैभन्दा महत्वपूर्ण उत्पादनशील पुँजी हो । रोकथाममुखी सार्वजनिक स्वास्थ्य क्रमश पृष्ठ ३ मा

# सुशासनलाई केन्द्रमा राखेर संविधान संशोधन गरौंः सभापति थापा

गण्डकी । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सुशासनलाई केन्द्रमा राखेर संविधान संशोधनको बहस चलाउनुपर्ने बताउनुभएको छ ।

प्रजातान्त्रिक विचार समाज, कास्कीद्वारा आईतबार पोखरामा आयोजित 'संविधान संशोधन सुझाव' विषयक विचार गोष्ठीमा सभापति थापाले संविधान संशोधनका लागि पहिला प्राथमिकता निर्धारण गर्नुपर्ने बताउनुभयो ।

"सुशासन, संविधानको संस्थागत विकास र सङ्घीयताको सवलीकरणका लागि संविधान संशोधन गर्ने विषयलाई नेपाली कांग्रेसले आफ्नो चुनावी प्रतिज्ञापत्रमै उल्लेख गरेको थियो", सभापति थापाले भन्नुभयो, "सुशासन अहिलेको सबैभन्दा महत्वपूर्ण कुरा हो, नयाँ पुस्ताले पनि यही विषय उठाइरहेको छ, सुशासनलाई केन्द्रमा राखेर संविधान संशोधनको बहस प्रारम्भ गरौं ।"

संविधान संशोधनको विषयले ठीक ढङ्गले लय पक्रेन भने मुलुक नयाँ द्वन्द्वमा जाने उहाँको भनाइ थियो । "संविधान केवल कागजी दस्तावेज मात्र होइन, यो त जीवन्त प्रकृया हो", सभापति थापाले भन्नुभयो, "संविधान संशोधनका विषयलाई ऐतिहासिक दृष्टिकोण र चेतबाट हेनुपर्छ, यो आवेश र उत्तेजनामा आई गर्ने कुरा होइन, संविधान संशोधन आफैमा संवेदनशील विषय हो ।"

लोकतन्त्र, विधिको शासन, नागरिक अधिकार र संविधानवादका आधारभूत विषयबाहेक संविधान संशोधनका हरेक मुद्दामा नेपाली कांग्रेस बहस गर्न तयार रहेको सभापति थापाले उल्लेख गर्नुभयो ।




उहाँले नेपाली कांग्रेस राष्ट्रिय राजनीतिक शक्ति भएकाले लोकतन्त्र र नागरिक अधिकार रक्षाको मुख्य जिम्मेवारी पनि कांग्रेससँग रहेको धारणा राख्नुभयो ।

"संसद्मा सानो पार्टी भए पनि राष्ट्रिय भूमिकाका हिसाबले हामी राष्ट्रिय पार्टी हो", सभापति थापाले भन्नुभयो, "संविधानको सर्वोच्चता र नागरिक अधिकारमाथि कुनै पनि किसिमको खेलवाड हुन हामी दिँदैनौं ।"

नेपाल जस्तो मुलुकमा संसदबाट कार्यकारी प्रमुख चुनिने शासकीय स्वरुप र मिश्रित निर्वाचन प्रणाली नै उपयुक्त हुने उहाँले बताउनुभयो । प्रदेश सरकार र स्थानीय तहलाई अधिकारसम्पन्न बनाउनुपर्ने सभापति थापाले जिकिर गर्नुभयो । सरकारसँग कांग्रेसले कुनै पूर्वाग्रह नराख्ने उहाँले उल्लेख गर्नुभयो । पाँच वर्ष सरकार चलाउने जिम्मेवारी राष्ट्रिय स्वतन्त्र पार्टीले पाएको उल्लेख गर्दै सभापति थापाले सरकारले कमीकमजोरी गर्दा भने प्रमुख प्रतिपक्षी दलका हिसाबले सधैं खबरदारी गरिरहने बताउनुभयो ।

विचार गोष्ठीमा गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सङ्घीयतालाई थप सुदृढ गनुपर्ने बताउनुभयो । सङ्घीयता कार्यान्वयनका क्रममा देखिएका विकृतिलाई हटाउनुपर्ने उहाँको भनाइ थियो ।

सङ्घीय सरकारले कानुन निर्माण नगरेका कारण पनि प्रदेश सरकारका कानुन कार्यान्वयनमा चुनौती देखिएको मुख्यमन्त्री पाण्डेले बताउनुभयो । प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले लोकतन्त्रका आधारभूत मूल्यमान्यतामा आँच नआउने गरी संविधान संशोधनको विषयलाई अगाडि बढाउनुपर्ने धारणा राख्नुभयो । विचार गोष्ठीमा नेपाली कांग्रेसका नेता चन्द्र भण्डारी, कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा, प्रजातान्त्रिक विचार समाज, कास्कीका अध्यक्ष शिशुकला पराजुलीलगायतले संविधान संशोधनको आवश्यकता र औचित्यका विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

विचार गोष्ठीमा अधिवक्ता कपिलमणि दाहालले संविधान संशोधनका विषयमा कार्यपत्र गर्नुभएको थियो भने कार्यपत्रमाथि गण्डकी प्रदेश सरकारका मुख्य न्यायाधीवक्ता चिरञ्जीवी शर्माले टिप्पणी गर्नुभएको थियो ।

# लोकदोहोरी अवार्ड : उत्कृष्ट पाँच मनोनयन सार्वजनिक

काठमाडौं । राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान, उपत्यका समन्वय समितिको आयोजनामा हुने 'गरिमा नवौं राष्ट्रिय लोकदोहोरी अवार्ड, २०८३' का लागि उत्कृष्ट पाँच कलाकार मनोनयनमा परेका छन् ।

प्रतिष्ठानका केन्द्रीय अध्यक्ष रिता थापामगर, उपत्यका समितिका अध्यक्ष प्रसाद लामिछानेसहितको उपस्थितिमा आज निर्णायक समितिका संयोजक एवं पूर्वकेन्द्रीय अध्यक्ष दुर्गा रायमाझीको नेतृत्वको छनोट समितिले हरेक विधातर्फ रचनाका बोल, शब्द र सम्पादनसहित विभिन्न २४ विधामा १२० उत्कृष्ट कलाकार छनोट गरेको हो ।

समन्वय समितिका उपाध्यक्ष राजेश ढकालका अनुसार आगामी भदौ ६ गते काठमाडौंमा हुने 'अवार्ड' मा स्रोता दर्शकको 'भोटिङ' र निर्णायक समितिको निर्णयका आधारमा हरेक विधामा एक/एक सर्वोत्कृष्ट घोषित हुनेछन् । प्रतियोगिताका लागि मुलुकभरबाट आवेदन परेको थियो ।

अवार्डअन्तर्गत २०८०-२०८२ सम्मको 'सर्वोत्कृष्ट लोकदोहोरी गायक'तर्फ खेम सेन्चुरी (तल्लो बाटो), सागर आले (युके बस्ने दाई), प्रकाश दुतराज (छैन र माया), अर्जुन सापकोटा (झलीको), कुशल बेल्वासे (काँचो सुपारी), 'सर्वोत्कृष्ट लोकदोहोरी गायिका'तर्फ शान्ति श्री परियार (जुनेली राते रातैमा), शान्ता रानी परियार (स्याउली बजारमा), दिपिका व्यम्बो मगर (कस्मिरे पछेउरी), कालिका रोका (देउरालीलाई फूलपाति धजा), निशा गुरुङ (युके लन्डनको) उत्कृष्ट पाँचमा परेका छन् ।

'सर्वोत्कृष्ट लोक दोहोरी नवगायक' मा शीतल गुरुङ (भागौला त्रिशूली तरेर), किरण विसी (गोर्खाली), रायन बस्याल (घामपानी छाता), सुरेश अन्जान (हिमाली फूल), अनिल पुनमगर (गुन्युचोली) 'सर्वोत्कृष्ट लोक दोहोरी नवगायिकातर्फ निर्मलादेवी बस्नेत (तिम्लाई पछेयौरी किन्दिउला), सिम्रन परियार बैनीको कहाँ पर्यो घर), शान्ति शिरिष मगर (युके बस्ने दाई), सीमा नेपाली (जयजय होस), गरिमा कार्की (अन्त नभने) उत्कृष्ट पाँचमा छानिएका छन् ।

'सर्वोत्कृष्ट लोकदोहोरी शब्द'तर्फ नेत्र अर्याल (तल्लो बाटो), सन्तोष सापकोटा (झलीको), विक्रमबाबु विश्वकर्मा (गण्डकी), सुरेश रानामगर (युके बस्ने दाई), दीपक अधिकारी (म त तिम्रो होइन मायालु), 'सर्वोत्कृष्ट लोक दोहोरी लय' तर्फ अर्जुन सापकोटा (झलीको), गोविन्द पङ्गेनी (भागौला त्रिशूली तरेर), एचबिएन किस्मत (खोली सलल), नन्दु परियार (स्याउली बजारमा), अशिम चन्द विश्वकर्मा (गण्डकी) छानिएका छन् ।

'सर्वोत्कृष्ट लोकदोहोरी गीत' मा विनोद बाजुराली (हियरै), सुदीप अधिकारी (घुमाउने घर पोखरामा), सूर्य खड्का (पचास तिरको), कोमल नेपाली (स्याउली बजारमा), खुसी गुरुङ (हडकडको चिनो) छनोटमा परेका छन् ।

'सर्वोत्कृष्ट लोक गीत' मा बालकुमार श्रेष्ठ (जप्दै नाम आमा), घनश्याम रिजाल (साथी), शम्भु कुँवर (तम्रो त यो दुनियाँ छ) सुरेश खत्री (ए आमा), दुर्गामाया गुरुङ (उहींसँग दिल बस्यो हजुर) तथा 'सर्वोत्कृष्ट लोक दोहोरी गीत नायक नृत्य' मा लोमश शर्मा (गोर्खे खुकुरी), गोविन्द पहाडी (नजर तेतै छ), बबिनसिंह ठकुरी (गुन्युचोलीमा), विजय पुन (युके बस्ने दाई), अनिल पौडेल (माया आउने बसमा) छनोटमा रहेका छन् ।

यस्तै 'सर्वोत्कृष्ट लोकदोहोरी गीत नृत्य नायिका', 'सर्वोत्कृष्ट लोकदोहोरी गीत नृत्य निर्देशक', 'सर्वोत्कृष्ट लोकदोहोरी गीत अभिनय नायक' 'सर्वोत्कृष्ट लोकदोहोरी गीत अभिनय नायिका' आदि विधामा उत्कृष्ट पाँच छनोट भएका छन् ।

अन्य विधामा मिक्सिङ मास्टरिङ, गीत एरेन्ज, छायाङ्कन, सम्पादन, परम्परागत गीत, प्रतियोगी गायिका, दोहोरी साँझ गायक गायिका रहेका छन् ।

## आरोग्य जीवन ............................................

प्रणालीले उपचार खर्च घटाउँछ, श्रम उत्पादकत्व बढाउँछ, परिवारको आर्थिक भार कम गर्छ तथा राष्ट्रिय अर्थतन्त्रलाई थप सुदृढ बनाउँछ । यस अर्थमा आरोग्यमुखी जीवनशैलीमा गरिने लगानी खर्च होइन, राष्ट्रको भविष्य, मानव पुँजी र दिगो समृद्धिमा गरिने रणनीतिक लगानी हो ।

नेपालले अब उपचारमुखी सोचसँगै आरोग्यमुखी विकासको राष्ट्रिय यात्रा आत्मविश्वासका साथ प्रारम्भ गर्नुपर्दछ । 'औषधिभन्दा अघि चेतना, रोगभन्दा अघि रोकथाम' भन्ने सन्देश अस्पतालभित्र मात्र सीमित नरही विद्यालय, परिवार, कार्यस्थल, सञ्चारमाध्यम, स्थानीय सरकार, निजी क्षेत्र तथा प्रत्येक नागरिकको दैनिक व्यवहारमा रुपान्तरण हुनुपर्दछ । जब आरोग्य व्यक्तिगत अभ्यासबाट सामाजिक संस्कृतिमा र सामाजिक संस्कृतिबाट राष्ट्रिय चरित्रमा रूपान्तरण हुन्छ, तब मात्र स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, प्रतिस्पर्धी अर्थतन्त्र र समृद्ध नेपालको आधार निर्माण हुनेछ। अन्ततः कुनै पनि राष्ट्रको वास्तविक शक्ति अस्पतालको सङ्ख्या वा उपचार सेवाको विस्तारबाट मात्र मापन हुँदैन । त्यसको वास्तविक मापन स्वस्थ, सचेत, नैतिक, अनुशासित, उत्पादनशील तथा सिर्जनशील नागरिकबाट हुन्छ ।

उपचार सधैं अपरिहार्य रहनेछ, तर उपचारलाई मात्र स्वास्थ्यको पर्याय मान्ने सोच अब पर्याप्त छैन । भविष्यको समृद्ध नेपाल निर्माणका लागि उपचार र आरोग्यबीच सन्तुलित समन्वय स्थापित गर्दै रोकथाममुखी, मानव केन्द्रित तथा दिगो सार्वजनिक स्वास्थ्य प्रणाली निर्माण गर्नु समयको अपरिहार्य आवश्यकता हो । यही दृष्टिले आरोग्य जीवन राष्ट्रिय अभियान २०२७ केवल स्वास्थ्य क्षेत्रको कार्यक्रम होइन; यो स्वस्थ नागरिक, सुदृढ परिवार, सक्षम मानव पुँजी, उत्पादनशील अर्थतन्त्र र समृद्ध नेपालको साझा राष्ट्रिय अभियान हो ।

उपचार र रोकथामबीचको सन्तुलित समन्वयमार्फत आरोग्यमुखी संस्कृतिको विकास गर्न सकियो भने नेपालले स्वास्थ्यलाई विकासको केन्द्रमा स्थापित गर्दै समावेशी, दिगो र समुन्नत राष्ट्र निर्माणतर्फ ऐतिहासिक फड्को मार्न सक्नेछ । रासस

# नारायणगढ-मुग्लिन सडकमा ओभरटेक नियन्त्रण गर्न प्रशासनको कडाइ

चितवन । वर्षायाममा सडक खुलेलगत्तै हतारमा सवारीसाधन ओभरटेक गर्ने प्रवृत्तिका कारण नारायणगढ-मुग्लिन सडकमा दुर्घटना र सवारीजाम बढ्न थालेपछि चितवन प्रशासनले चालकलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गरेको छ ।

आईतबार बिहान नारायणगढ-मुग्लिन सडकखण्डमा बसले ट्रकलाई ओभरटेक गर्ने क्रममा तीनवटा सवारीसाधन एकापसमा ठोक्किँदा ३० जना घाइते भएका थिए । दुर्घटनापछि केही समय सवारी आवागमनसमेत अवरुद्ध भएको थियो । जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले मुग्लिनतर्फ गइरहेको बसले ट्रकलाई ओभरटेक गर्दा दुर्घटना भएको बताउनुभयो। उहाँका अनुसार ओभरटेक नै सडक दुर्घटना र सवारीजामको प्रमुख कारण बन्दै गएको छ ।

उहाँले ओभरटेकका कारण दुर्घटनाको जोखिम बढ्नुका साथै लामो सवारीजाम हुने, एम्बुलेन्सलगायत अत्यावश्यक सवारीसाधनलाई बाटो बनाउन कठिन हुने र दुर्घटनामा घाइते भएकाको उद्धारमा समेत ढिलाइ हुने गरेको बताउनुभयो । "आज बिहानको दुर्घटनामा पनि सवारीजामका कारण उद्धार कार्य प्रभावित भयो", उहाँले भन्नुभयो ।

बाढी-पहिरोको जोखिमलाई मध्यनजर गर्दै स्थानीय प्रशासनले शनिबार राति १० बजेदेखि नारायणगढ-मुग्लिन सडक र चितवन क्षेत्रमा पर्ने पृथ्वी राजमार्गमा सवारी सञ्चालन अस्थायी रुपमा रोकेको थियो । बिहान ५:३० बजे सडक खुलेपछि चालकले हतारमा ओभरटेक गर्दा दुर्घटना र सवारीजाम भएको प्रशासनको भनाइ छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी निरीक्षक अनिल थापाले ट्राफिक नियमको पालना गरे दुर्घटना र सवारीजाम दुवै उल्लेख्य रूपमा घटाउन सकिने बताउनुभयो । उहाँले ट्राफिक नियमको पालनाबाट चालक र यात्रु दुवैले प्रत्यक्ष लाभ पाउने उल्लेख गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले वर्षायाममा बाढी र पहिरोको उच्च जोखिमका कारण रातको समयमा सवारी सञ्चालनमा रोक लगाउनु बाध्यता रहेको बताउँदै सडक खुलेपछि आआफ्नो लेनमै सवारी चलाउन र ओभरटेक नगर्न चालकलाई आग्रह गर्नुभयो । उहाँले सुरक्षित र सहज यातायात सञ्चालनका लागि प्रशासनसँगै चालक र यात्रुको पनि समान सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँले ट्राफिक नियम उल्लङ्घन गर्ने चालकविरुद्ध कानुनबमोजिम कडा कारवाही गरिने चेतावनी दिँदै सबैलाई ट्राफिक नियमको पूर्ण पालना गर्न आग्रह गर्नुभयो ।

## घरजग्गा कारोबार
# कुन महिनामा कति उठ्यो राजस्व

काठमाडौं । घरजग्गा कारोबारबाट गत असार महिनामा मात्रै रु ११ अर्ब ९४ करोड ८९ लाख ७४ हजार ४५४ बराबर राजस्व सङ्कलन भएको छ ।

देशभरको कारोबारको विवरण राख्ने भूमि व्यवस्थापन तथा अभिलेख विभागका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सबैभन्दा बढी राजस्व सङ्कलनसमेत गत असार महिनामा नै भएको हो ।

विभागले वर्षभरको राजस्व सङ्कलनको विवरण उपलब्ध गराएको छ ।

विवरणअनुसार गत वैशाखमा रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार ८७३ बराबर राजस्व सङ्कलन भएको थियो । यो उक्त आवको दोस्रो धेरै राजस्व सङ्कलन हो ।

विभागका अनुसार २०८२ साउनमा रु तीन अर्ब २८ करोड ९१ लाख ३८ हजार २४२ बराबर राजस्व सङ्कलन भएको थियो । भदौमा केही घटेर रु तीन अर्ब १४ करोड सात लाख १६ हजार ३३५ बराबरमात्रै प्राप्त भएको थियो । यस्तै, असोज र कात्तिकमा भने न्यून मात्रामा राजस्व प्राप्त भएको थियो ।

असोजमा रु दुई अर्ब ७५ करोड ८५ लाख ५७ हजार ९२७ र कात्तिकमा रु दुई अर्ब ७४ करोड ५१ लाख ७२ हजार १९९ बराबरको रकम सरकारको खातामा जम्मा भएको थियो ।

गत मङ्सिरमा रु चार अर्ब ८४ करोड ८१ लाख ५४ हजार ८३२, पुसमा रु पाँच अर्ब १७ करोड ३२ लाख १४ हजार २२२ बराबर राजस्व सङ्कलन भएको थियो । माघमा रु पाँच अर्ब ९९ लाख २४ हजार ५३६ र फागुनमा रु चार अर्ब १४ करोड ९५ लाख ४८ हजार ९३२ रकम घरजग्गा कारोबारबाट प्राप्त भएको थियो । त्यसैगरी, गत चैतमा रु छ अर्ब १६ करोड ५७ लाख ५० हजार ११७, वैशाखमा रु छ अर्ब २६ करोड ३८ लाख २९ हजार ८७३ र जेठमा रु पाँच अर्ब २४ करोड ४२ लाख ५१ हजार १०१ बराबरको रकम सरकारको खातामा जम्मा भएको थियो ।

गत असारमा भने कारोबारमा उल्लेख्य सुधार भएपछि राजस्व सङ्कलनमा पनि वृद्धि भएको थियो । साउन १ गतेदेखि घरजग्गा कारोबारमा लाग्ने पुँजीगत लाभकर बढ्ने व्यवस्था बजेटमा नै भएपछि कारोबारमा वृद्धि भएको अनुमान गरिएको छ । सोही कारण गत असारमा रु ११ अर्ब ९४ करोड ८९ लाख ७४ हजार ४५४ राजस्व सङ्कलन भएको विभागको विवरणमा समावेश छ ।

कारोनाकाल र गोरखा भूकम्पपछि घरजग्गा कारोबारबाट गत असारमा सबैभन्दा बढी राजस्व सङ्कलन भएको बताइन्छ ।

# स्पेनले जित्यो १६ वर्षपछि विश्वकपको उपाधि

काठमाडौं । साविक विजेता अर्जेन्टिनालाई पराजित गर्दै युरोपेली च्याम्पियन स्पेनले १६ वर्षपछि फिफा विश्वकप २०२६ को उपाधि जितेको छ । स्पेनले यसअघि सन् २०१० मा विश्वकपको उपाधि हासिल गरेको थियो ।

अमेरिकाको न्युयोर्कस्थित न्युजर्सी स्टेडियममा आज भएको खेलको निर्धारित ९० मिनेटसम्म दुवै टोलीबाट गोल हुन नसकेपछि खेल अत्तिरिक्त समयमा धकेलिएको थियो । अत्तिरिक्त समयमा स्पेनका फेर्रान टोरेजले गोल गरे । उनले खेलको १०६औँ मिनेटमा गोल गर्दै अर्जेन्टिनाविरुद्ध एक शून्यको अग्रता लिएका थिए । त्यसपछि खेलमा थप गोल हुन सकेन र स्पेनले अर्जेन्टिनामाथि एक शून्य गोलको जित हासिल गर्यो । खेलको निर्धारित ९० मिनेटको समयमा एन्जो फर्नान्डेजले दोहोरो पहेँलो कार्ड पाएपछि अर्जेन्टिना १० खेलाडीमा सीमित बनेको थियो । त्यसैको फाइदा उठाउँदै स्पेनले गोल गर्न सफल भयो ।

सेमिफाइनलमा अर्जेन्टिनाले इङ्ल्यान्डलाई २-१ ले गोलअन्तरले पराजित गर्दै विश्वकपको फाइनलयात्रा तय गरेको थियो । स्पेनले फ्रान्सलाई २-० गोलअन्तरले हराउँदै फाइनलमा पुगेको थियो ।

# अनलाइन सट्टेबाजी गरेको अभियोगमा चार जना पक्राउ

काठमाडौं । प्रहरीले अनलाइन सट्टेबाजी गरेको अभियोगमा काठमाडौंबाट चार जनालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईका अनुसार काठमाडौं महानगरपालिका-१ नारायणचौरबाट इन्टरनेट सर्भर, सिमकार्ड, ल्यापटप र मोबाइल फोनसहित उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा कालिकोटका टेकेन्द्र शाही, बर्दियाका विश्व रेग्मी, अजय महतरा र बाँकेका आदित्य वाल्मीकि रहेका छन् ।

उनीहरूले विभिन्न सट्टेबाजी एप एवं वेबसाइट प्रयोग गरी अनलाइन जुवा खेलाएको पाइएको छ । उनीहरूले मोबाइल बैंकिङसमेतबाट रु एक करोड ९६ लाख तीन हजार ५१९ बराबरको कारोबार गरेको खुल्न आएको छ ।

उनीहरूको थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# बाल सुधार गृहका बालबालिकाको मानवअधिकार सुनिश्चितताका लागि कार्ययोजना ल्याउन समितिको निर्देशन

काठमाडौं । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिले बाल सुधार गृहमा रहेका बालबालिकाको मानवअधिकार सुनिश्चितताका लागि कार्ययोजना ल्याउन नेपाल सरकारलाई निर्देशन दिएको छ ।

समितिको आईतबारको बैठकमा 'बाल सुधार गृहमा रहेका बालबालिकाको मानवअधिकारसम्बन्धी निरीक्षण तथा अवलोकन उपसमितिबाट समितिमा पेस भएको प्रतिवेदन, २०८३' माथि सम्बन्धित मन्त्रालयसँग छलफलपश्चात सो निर्देशन दिइएको हो ।

प्रतिवेदनमाथि समितिका सदस्य र सम्बन्धित अधिकारीबाट प्राप्त रचनात्मक तथा व्यावहारिक सुझावसमेतलाई आवश्यकतानुसार समावेश गरी प्रतिवेदनलाई थप कार्यान्वयनयोग्य, व्यावहारिक र नतिजामुखी बनाउने कार्ययोजना समितिको आगामी बैठकमा पेस गर्न सम्बन्धित मन्त्रालयलाई भनिएको छ । समितिले हाल सञ्चालनमा रहेको रूपन्देही बाल सुधार गृहको भवन साँघुरो तथा अनुपयुक्त देखिएकाले जिल्ला समन्वय समिति, रुपन्देहीको नवनिर्मित भवन बाल सुधार गृहलाई हस्तान्तरण गर्न र जिल्ला समन्वय समितिको काम बाल सुधार गृहको भवनबाट चलाउन सम्बन्त्रित मन्त्रालयहरूलाई निर्देशन दिएको छ ।

बाल सुधार गृहहरूको भौतिक पूर्वाधार तत्काल विस्तार तथा क्षमता अभिवृद्धि गर्न प्राविधिक वा व्यावहारिक रूपमा असहज भएता पनि विद्यमान चाप र समस्यालाई दृष्टिगत गरी तत्काल यसको वैकल्पिक प्रबन्ध गर्न आवश्यक देखिएको समितिले ठहर गरेको छ । बाल सुधार गृहहरूको क्षमता अनुकूल बालबालिकालाई मानवोचित रूपमा राख्ने प्रबन्ध मिलाउन अन्य सम्बन्धित सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गरी सोको शीघ्र सुरुवातका लागि महिला, बालबालिका मन्त्रालयलाई निर्देशन दिइएको छ । बाल सुधार गृहमा रहेका बालबालिकाको पोषणका लागि हाल कैदीबन्दी सरह उपलब्ध गराइँदै आएको दैनिक सिदा तथा रकम अपर्याप्त देखिएकाले बालबालिकाको उमेर र शारीरिक आवश्यकता अनुकूलको उपयुक्त पोषण तथा खाद्यान्न व्यवस्थापनका लागि तत्काल आवश्यक निर्णय गरी कार्यानवयन गर्न महिला, बालबालिका मन्त्रालय र गृह मन्त्रालयलाई निर्देशन निर्देशन दिइएको छ ।

समितिका सभापति समीक्षा बाँस्कोटाको अध्यक्षता र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीको उपस्थितिमा भएको बैठकमा मन्त्रालयका सचिव कृष्णबहादुर राउत र सहसचिव चक्रबहादुर बुढाले प्रस्तुतीकरण दिनुभयो ।

बैठकमा सदस्यहरू निनुकुमारी कर्ण, कन्हैया बनिया, मोहनलाल आचार्य, सरस्वती लामा, रूविना आचार्य, मधुकुमार चौलागाईं, मनिष खनाल, मनमाया विश्वकर्मा, सुष्मा स्वर्णकार (डिम्पल), खीमा विक र सुलभ खरेलले बाल सुधारका विभिन्न पक्षबारे आफ्ना जिज्ञाशा र भनाइ राख्नुभएको थियो । यसअघि समितिको गत असार २९ गतेको बैठकमा सो विषयमा समितिका सदस्यसँग छलफल गरी प्रतिवेदनमाथि सुझावहरू ग्रहण गरिएको थियो ।

# जनआवाजलाई सशक्त रूपमा प्रस्तुत गर्न सांसदहरूलाई अध्यक्ष ओलीको निर्देशन

काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (एमाले) अध्यक्ष केपी शर्मा ओलीले जनताको आवाजलाई तथ्य, तर्क, अध्ययनसहित सशक्त रूपमा संसद्मा प्रस्तुत गर्न आफ्ना सङ्घीय सांसदरूलाई निर्देशन गर्नुभएको छ ।

एमालेको केन्द्रीय संसदीय विभागले आज पार्टी केन्द्रीय कार्यालय, च्यासलमा आयोजना गरेको प्रशिक्षण कार्यक्रममा सम्बोधन गर्दै पूर्वप्रधानमन्त्री ओलीले तथ्यमा आधारित बहस, जनसरोकारका मुद्दाको गहिरो अध्ययन र राष्ट्रिय हितलाई केन्द्रमा राखेर संसद्मा प्रभावकारी भूमिका निर्वाह भएमा त्यसले लोकतान्त्रिक अभ्यासलाई थप सशक्त बनाउने विश्वास पनि व्यक्त गर्नुभयो । "बलियो प्रतिपक्ष भनेको केवल सरकारको आलोचना गर्ने शक्ति मात्र होइन । एमालेले राजनीतिक अनुभवलाई विज्ञहरूको ज्ञान, अनुसन्धान र बौद्धिक क्षमतासँग जोड्ने हिसाबले यो प्रशिक्षण गरेको छ", उहाँले भन्नुभयो, "जनताको आवाज नीति निर्माण तथ्य र प्रमाणमा आधारित भएर अझ बुलन्द बनाउन, सरकार अझ बढी जवाफदेही बनाउन तपाईंहरू सक्षम, जिम्मेवार र दूरदर्शी प्रतिपक्षको नयाँ मानक स्थापित गर्न लाग्नुपर्नेछ ।"

कार्यक्रममा पार्टीका उपाध्यक्ष एवं संसदीय दलका नेता रामबहादुर थापा 'बादल', उपाध्यक्ष पृथ्वीसुब्बा गुरूङ, महासचिव शङ्कर पोखरेल, संसदीय दलका उपनेता पद्माकुमारी अर्याललगायतले प्रशिक्षण दिनुभएको थियो ।

# चार महिनामा तीन हजार ४३५ विपद्का घटना

काठमाडौं । गत वैशाखदेखि हालसम्म विपद्मा परेर १६६ जनाको ज्यान गएको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस अवधिमा कुल तीन हजार ४३५ विपद्का घटना भएका छन् ।

विपद्मा परेर ९८८ जना घाइते भएका छन् । प्राधिकरणका अनुसार चार हजार ५३१ घर परिवार प्रभावित भएका छन् । सो अवधिमा सबैभन्दा बढी आगलागीका घटना भएका छन् ।

प्राधिकरणका अनुसार चार महिनामा ९१४ वटा आगलागीका घटना भएका थिए । सर्पदंशका ५३५, चट्याङ २२९, लेक लाग्नु ५५, जनावर आक्रमण १९०, हुरीबतास ४७८, पहिरो ४९५, बाढीका १७१ घटना घटेका छन् । यस्तै, भारी वर्षा १६६, डुङ्गा पल्टेर एक, डढेलो १९१, हिँउ पहिरो दुई, असिना चार र अन्य पनि चार छन् ।

त्यसैगरी, साउन २ गते बिहानदेखि ३ गते बिहानसम्म देशभर कुल ५८ वटा विपद्का घटना भएका थिए ।

विपद्मा परेर तीन जनाको ज्यान गएको छ भने १३ जना घाइते भएका छन् । कुल ४५ जिल्ला प्रभावित भएका छन् ।

# जोखिमको अवस्था हेरेर मात्रै सवारीसाधन चलाउन दिने

काठमाडौं । सरकारले बाढी, पहिरो तथा डुबानजस्ता मनसुनजन्य विपद्को जोखिमलाई मध्यनजर गर्दै जोखिमको अवस्था मूल्याङ्कन गरेरमात्रै प्रभावित जिल्लामा सवारीसाधन चलाउन दिने भएको छ ।

देशका २१ जिल्लामा भारीदेखि अतिभारी वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभागको पूर्वानुमानपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले पूर्वतयारीलाई तीव्र बनाएको हो । प्राधिकरणका निमित्त कार्यकारी प्रमुख प्रदीपकुमार कोइरालाले सम्भावित पहिरो र बाढीको उच्च जोखिम रहेका सडकखण्डमा सवारीसाधन सञ्चालनमा रोक लगाउने निर्णय नागरिकको सुरक्षालाई ध्यानमा राखेर गरिएको बताउनुभयो । "जोखिमको अवस्थालाई मध्यनजर गर्दै पहिरो जाने सम्भावना भएका जिल्लामा सवारीसाधन सञ्चालन नगर्न आग्रह गरेका थियौँ", निमित्त कार्यकारी प्रमुख कोइरालाले भन्नुभयो, "आज पनि मौसम र सडकको वास्तविक अवस्था मूल्याङ्कन गरेरमात्रै सवारी सञ्चालन खुला गरिनेछ ।" निमित्त कार्यकारी प्रमुख कोइरालाका अनुसार सुरक्षा निकाय, स्थानीय प्रशासन र सडक विभागसँग निरन्तर समन्वय भइरहेको छ ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : सुजन रेग्मी, Email : pratyushdainik@gmail.com